पैयूँ गाउँपालिका

# गाउँ कार्यपालिकको कार्यालय

हुवास, पर्वत

गण्डकी प्रदेश,नेपाल ।

पत्र संख्या:२०७५/७६
च.नं :

मिति : २०७५।१०।२०

## सूचना

गाउँपालिका लाई आबश्यक जग्गा निशुल्क प्राप्ती सम्बन्धमा ।

प्रस्तुत विषयमा यस गाउँपालिकाको नाममा हालसम्म कुनैपनि स्थानमा आफ्नो नाममा जग्गा नभएको कारण गाउँकार्यपालिको कार्यालय भाडाको घरमा संचालन भैरहेको छ । गाउँपालिकाको लागि भवन निमाण गर्नको लागि कम्तीमा पनि १२ रोपनी जग्गा आबश्यक पर्ने भएकोले उक्त परिमाणको जग्गा निशुल्क रुपमा उपलब्ध गराउनको लागि सवै संग आह्वान गरिरहेकोमा यसै गाउँपालिका वडा नं ४ को पश्चिम तर्फको भागमा रहेको सेती खोला किनारको डुड भकुण्डे भन्ने स्थानमा आफ्नो नाममा जग्गाधनी प्रमाण पुर्जा भएका २० जना ब्यक्तिहरुले गाउँपालिका लाई आबश्यक पर्ने गाउँकार्यपालिकाको कार्यालय भवन निमार्णको लागि वढीमा १४ रोपनी जग्गा निशुल्क रुपमा उपलब्ध गराउन सहमत भई निवेदन दिएकोमा मिति २०७५।१०। १७ गते सो सम्बन्धमा छलफल गर्न वसेको सर्वदलिय बैठक वाट समेत उक्त स्थान उपयुक्त भएकोले गाउँपालिकको नाममा जग्गा पास गर्ने सहमती समेत भएकोले यस गाउँपालिकको वडा नं ४ र २ को समथर भुभाग (हातेमालोचोक वरपर) मा अझ उपयुक्त स्थानमा कम्तीमा १२ रोपनी निशुल्क जग्गा उपलब्ध गराउन ईच्छुक जग्गा दाताहरु लाई जग्गा उपलब्ध गराउन सहमत भएमा सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र उक्त ब्यहोराको सहमती पत्र पेश गर्नुहुन सर्वसाधारण सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि तोकिएको समयमा सो सम्बन्धी कुनै जानकारी प्राप्त नभएमा उल्लेखित जग्गा प्राप्तीको प्रकृयमा जाने ब्यहोरा समेत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

२०७५।१०।२०

जित बहादुर राना
प्रमुख प्रशासकिय अधिकृत

जितबहादुर राना
प्रमुख प्रशासकीय अधिकृत